<u>पाँचौ कार्यपालिका बैठक</u>

आज मिति २०८३ साल असोज २६ गते सोमबारका दिन यस नगरपालिकाका नगर प्रमुख श्री हरि प्रसाद न्यौपानेज्यूको अध्यक्षतामा देहायका सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न विषय उपर छलफल गरी तपसिल बमोजिम निर्णय गरियो।

<u>उपस्थितिः</u>

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री हरि प्रसाद न्यौपाने | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उपप्रमुख | |
| ३ | श्री तिलप्रसाद काफ्ले | नगर प्रवक्ता | |
| ४ | श्री कृष्ण बहादुर के.सी. | सदस्य | |
| ५ | श्री शरद प्रसाद घिमिरे | सदस्य | |
| ६ | श्री होमनाथ पौडेल | सदस्य | |
| ७ | श्री गिर बहादुर थापा क्षेत्री | सदस्य | |
| ८ | श्री कृष्ण प्रसाद सापकोटा | सदस्य | |
| ९ | श्री मिन बहादुर सोती | सदस्य | |
| १० | श्री भुमिसरा आले | सदस्य | |
| ११ | श्री नुन प्रसाद बाचे | सदस्य | |
| १२ | श्री बलिराम सापकोटा | सदस्य | |
| १३ | श्री रेसी कुमार घर्ती | सदस्य | |
| १४ | श्री लोक प्रसाद भुर्तेल | सदस्य | |
| १५ | श्री एकदेव पौडेल | सदस्य | |
| १६ | श्री गोपाल थापा | सदस्य | |
| १७ | श्री सुरेश कुमार रानाभाट | सदस्य | |
| १८ | [illegible] | " | |

| | | | |
|---|---|---|---|
| १९ | श्री गणेश शर्मा चालिसे | सदस्य | |
| २० | श्री गोमा देवी पौडेल | सदस्य | |
| २१ | श्री मधु माया गुरुङ | सदस्य | |
| २२ | श्री फुल माया लोहनी | सदस्य | |
| २३ | श्री पार्वती कंडेल | सदस्य | |
| २४ | श्री जानकी देवी गुरौ (लामिछाने) | सदस्य | |
| २५ | श्री विद्या बहादुर विश्वकर्मा | सदस्य | |
| २६ | श्री जय बहादुर वि.क. | सदस्य | |
| २७ | श्री गिता देवी बोटे | सदस्य | |
| २८ | श्री विनोद रोका | सचिव | |
| २९ | श्री जिबलाल श्रेष्ठ | अधिकृत आठौं | |

<u>प्रस्ताव तथा छलफलका विषयहरु:</u>

१. आयोजना अध्ययनको लागि प्रस्ताव गर्ने सम्बन्धमा।

२. नगर युवा तथा खेलकुद विकास समिति गठन गर्ने सम्बन्धमा।

३. नगर गान तथा लोगो छनोट तथा सिफारिस समिति गठन गर्ने सम्बन्धमा।

४. भोटेकोशी बाढीका मृतक परिवारलाई आर्थिक सहयोग सम्वन्धमा।

५. लागत साझेदारी गर्ने सम्बन्धमा।

६. खेलकुद विकास समितिका सदस्य सचिव नियुक्ति सम्वन्धमा।

७. विविध।

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

## निर्णयहरु

**निर्णय नं. १** देवचुली नगरपालिका वडा नं. १६, रजहर स्थित कित्ता नं. ८१३, क्षेत्रफल २६-२६-१६.५ को जग्गा मध्ये उत्तर वीच तर्फ क्षेत्रफल ०-८-० को जग्गामा आयमूलक पूर्वाधार अन्तर्गत बहुउद्देश्यीय भवन निर्माण आयोजना अध्ययनका लागि नगर विकास कोषबाट सहयोग गरिदिन आवश्यक कागजात सहित प्रस्ताव माग गर्ने निर्णय गरियो।

**निर्णय नं. २** देवचुली नगरपालिका युवा तथा खेलकुद विकास ऐन, २०८० को दफा ३ (१) बमोजिम गठित नगर युवा तथा खेलकुद विकास समिति (पदेन सदस्य बाहेक) को पदाधिकारीहरुको सोही ऐनको दफा ५ (१) मा उल्लिखित ३ (तीन) वर्षे पदावधि सकिएकोले समितिका पदाधिकारीहरुको मनोनयन कार्यपालिकाबाट गर्नुपर्ने व्यवस्था बमोजिम निम्न पदाधिकारीहरु मनोनित गर्ने निर्णय गरियो।

क. नगर प्रमुखको प्रस्तावमा नगर कार्यपालिकाबाट मनोनित गरेको व्यक्ति (श्री अशोक अधिकारी, देवचुली-१३) - अध्यक्ष

ख. नगर कार्यपालिकाबाट मनोनित गरेको व्यक्ति (श्री अमर बहादुर घर्ती, देवचुली-१०) - उपाध्यक्ष

ग. नगर कार्यपालिकाबाट मनोनित नगरपालिकाको नगर सभा सदस्य (श्री विडारीलाल तामाङ्ग) – सदस्य

घ. नगरस्तर तथा जिल्लास्तरमा युवाहरुको क्षमता विकास, नेतृत्व विकास वा आर्थिक विकास गर्ने क्षेत्रमा सरिक भई काम गरेका मध्येबाट नगर कार्यपालिकाबाट मनोनित एक जना महिला सहित ३ जना - सदस्य

१. श्री दुर्गा पौडेल, देवचुली-२
२. श्री सुशिल चापागाँइ, देवचुली-५
३. श्री चिरञ्जिवी पाण्डे, देवचुली-१२

ङ. विगतमा नगरस्तर तथा जिल्लास्तरका खेलाडी वा रेफ्री वा प्रशिक्षक वा अध्ययन अनुसन्धान प्रर्वधनात्मक कार्य गरेका खेलकुद विज्ञ वा व्यवस्थापक मध्येबाट नगर कार्यपालिकाबाट मनोनित एक महिला सहित ४ जना - सदस्य

१. श्री ओमचन्द्र महतो, देवचुली-१३
२. श्री अनुप लाल श्रेष्ठ, देवचुली-१३
३. श्री रमेश प्रसाद भुर्तेल, देवचुली-१२
४. श्री जानुका थापा, देवचुली- १६

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद ज्ञ्यौपाने
नगर प्रमुख

च. फरक क्षमता भएका युवा तथा खेलाडी मध्येबाट नगर कार्यपालिकाबाट मनोनित गरेको १ जना (श्री दिपक कुमार घर्ती, देवचुली-३) - सदस्य

छ. युवा तथा खेलकुद पत्रकार मञ्चको नगर कार्यपालिकाबाट मनोनित प्रतिनिधि १ जना (श्री ढुण्डीराज केसी, देवचुली-१) - सदस्य

<u>निर्णय नं. ३</u> देवचुली नगरपालिकाको भूगोल, जनजीवन, ऐतिहासिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक एवं अन्य विशिष्ट पहिचान झल्कने गरी प्रतिस्पर्धात्मक विधिबाट नगरपालिकाको नगर गान तथा प्रतिक चिन्ह (लोगो) निर्माण गरी प्रयोगमा ल्याउने प्रयोजनका लागि देहायका पदाधिकारीहरु रहने गरी एक <u>नगर गान तथा लोगो छनोट तथा सिफारिस समिति गठन</u> गर्ने र नगर गान तथा प्रतिक चिन्ह छनोट भएका रचनाकार तथा डिजाइनकर्तालाई पुरस्कार स्वरुप क्रमशः रु ४०/४० हजार (नियमानुसार कर कट्टी गरी) एवं प्रमाणपत्र प्रदान गरी सम्मान गर्ने निर्णय गरियो।

<u>नगर गान र लोगो छनोट तथा सिफारिस समिति</u>

१. श्री तिल प्रसाद काफ्ले, नगर प्रवक्ता (वडा अध्यक्ष, वडा नं. ११) – संयोजक
२. श्री एकदेव पौडेल, वडा अध्यक्ष, वडा नं. १३ – सदस्य
३. श्री फुलमाया लोहनी, कार्यपालिका सदस्य – सदस्य
४. श्री नन्दलाल ढकाल, शिक्षा अधिकृत – सदस्य सचिव

<u>निर्णय नं. ४</u> सम्वत् २०८३ साल भदौ १० गते रसुवाको भोटेकोशीमा आएको बाढीका कारण देवचुली नगरपालिका वडा नं. १ स्थित बोटेटोल निवासी श्री बलिराम महतो वेपत्ता भई परिवारजनले निजको मृत्यु संस्कार सम्पन्न गरेको र निज वेपत्ता परिवारको आर्थिक अवस्था कमजोर रहेको भनी वडाको सिफारिस पत्र समेतको आधारमा परिवारलाई <u>आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि, २०७८</u> बमोजिम रु १ लाख आर्थिक सहायता प्रदान गर्ने र परिवारको १ जना सदस्यलाई निजको शैक्षिक योग्यता, नगरपालिकाको आवश्यकतालाई मध्यनगर गरी रोजगारी उपलब्ध गराउने एवं छोराछोरीलाई नगरपालिकाबाट प्रदान गरिने शैक्षिक छात्रवृत्तिको व्यवस्था गर्ने निर्णय गरियो।

<u>निर्णय नं. ५</u> विद्यार्थीहरुलाई कृषिमा आवद्ध गरी सिक्दै कमाउँदै कार्यक्रमलाई प्रवर्द्धन गर्न एवं उत्पादित कृषि उपजलाई बजार व्यवस्थापन गर्न कृषि उपज संकलन तथा विक्री वितरण केन्द्र निर्माण गर्न सम्बन्धित विद्यालय, वडा नं. १ को वडा कार्यालय, Caritas Nepal संस्था र नगरपालिकाले लागत साझेदार गर्नुपर्ने भएकोले लागत अनुमानमध्ये

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

नगरपालिकाले आर्थिक वर्ष २०८३/८४ को स्वीकृत नगरपालिका तर्फ विनियोजित समपुरक बजेटबाट खर्च गर्ने गरी रु २ लाख लागत साझेदारी गर्ने निर्णय गरियो।

<u>निर्णय नं. ६</u> खेलकुद विकास समितिका सदस्य सचिवको रिक्त पदमा रीतपूर्वक सबै चरणको परीक्षा सञ्चालन गरी जनशक्ति पदपूर्ति छनोट समितिको मिति २०८३/६/१५ को निर्णयानुसार योग्ताक्रमको आधारमा सिफारिस भएका <u>देवचुली नगरपालिका वडा नं. १५ निवासी श्री आकाश श्रेष्ठ</u>लाई देवचुली नगरपालिका युवा तथा खेलकुद विकास ऐन, २०८० को दफा ८ (१) बमोजिम नियुक्ति गर्ने निर्णय गरियो।

<u>विविध:</u>

१. निजी जग्गा व्यवस्थापनका क्रममा संकलन भई मौज्दात रहेको ढुंगा/माटोको परिमाण प्रमाणित गर्ने सम्बन्धमा भएको देहायका निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

<u>तपसिल:</u>

| क्र.स. | जग्गाधनीको नाम | वडा | कित्ता नं | परिणाम | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री ओमराज अधिकारी | ११ | प्रगतिनगर ६ (क) कि नं ४९८ | ४५० घ.मी ढुंगा | |
| २ | श्री चमन सिं बाचे | ५ | सा.सिसवार ८ /ख कि नं ६५९ | ४५० घ.मी | श्री चमन सिं बाचेको जग्गामा अनुमति लिई गोरखनाथ निर्माण सेवाले आफ्नो ढुङ्गा राखेको। |
| ३ | श्री सरोज गोविन्द श्रेष्ठ | १३ | सा. प्रगतिनगर ४ ग कि नं ३३९४ ,३३९८ | ४५० घ.मी ढुंगा | श्री सरोज गोविन्द श्रेष्ठ जग्गामा अनुमति लिई गोरखनाथ निर्माण सेवाले आफ्नो ढुङ्गा राखेको। |
| ४ | श्री सुनिता अधिकारी | ८ | सा. प्रगतिनगर ९ /क, कि नं ८८० | ७५ घ.मी ढुंगा, ७५ घ.मी माटो | |

२. निजी जग्गा व्यवस्थापनका क्रममा ढुंगा/माटो संकलन तथा निकासी गर्ने गरी जग्गा व्यवस्थापन अनुमति दिइएका तपसिल बमोजिमका जग्गाहरुको सम्बन्धमा भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

<u>तपसिल:</u>

| क्र.स. | जग्गाधनीको नाम | वडा | कित्ता नं | परिणाम (घ.मी) |
|---|---|---|---|---|

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १ | श्री बालकुमारी कानु | ५ | साविक सिसवार क कित्ता नं १०३६ क्षेत्रफल (०-१६-२.५-०) | १६९.३१(माटो) |
| २ | श्री तुलबहादुर सिंजाली मगर, श्री होम बहादुर ठाडा मगर | ५ | साविक सिसवार ८ क कित्ता नं ८९२ क्षेत्रफल (०-५-०) | २७०.९ (ढुङ्गा) |
| ३ | श्री सरस्वती न्यौपाने | ७ | साविक प्रगतिनगर ९/ख कि नं २११ र २१९ को क्षेत्रफल ०-१-० र ०-०-१० | १५० (माटो) |

३. आर्थिक वर्ष २०८२/०८३ मा सामाजिक बिकास, युवा तथा खेलकुद मन्त्रालय एकीकृत सेवा कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मार्फत कार्यान्वयन भएको देवचुली-५ अन्तर्गत देवीस्थान खेलमैदान स्तरोन्नतीको क्रममा संकलन भई मौज्दात रहेको नदिजन्य पदार्थको नियमानुसार रोयल्टी लिई देवचुली नगरक्षेत्र भित्र कार्यान्वयन हुने योजनामा प्रयोग गर्ने निर्णय गरियो।

४. वन, वातावरण तथा विपद व्यवस्थापन समितिबाट सिफारिस भई आएका तपसिल बमोजिमका विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यहरुलाई विपद व्यवस्थापन कोषबाट खर्च व्यवस्थापन गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

| क्र.स. | योजना तथा कार्यक्रम | स्थान/वडा | व्यवस्थापन हुने रकम/सामाग्री | कैफियत |
|---|---|---|---|---|
| १ | ठुलो आकारका ढुंगा (Big Boulder) बिच्छ्याउने कार्य | देवचुली -१ अन्तर्गत संयोग जंगल होटल नजिक | रु १ लाख | |
| २ | मुक्तीक्षेत्र खानेपानी खानेपानी ट्यांकी मर्मत सम्भार | देवचुली -१२, मुक्तीक्षेत्र | रु १ लाख | |
| ३ | सलिन मियाँलाई क्षतिपुर्ती रकम | देवचुली -१३ | रु २५ हजार | माछापोखरीमा बाढीले क्षति पुर्‍याएको |
| ४ | सुरज बोटेलाई क्षतिपुर्ती रकम | देवचुली -१३ | रु २५ हजार | बाढीका कारण कुखुराको खोरमा क्षति पुर्‍याएको। |
| ५ | सडक मर्मत सम्भार (ग्राभेलिंगको काम ) | देवचुली -१२, १३ र ३ | रु ३,१४,६५१/- | वर्षाका कारण सडक हिलाम्मे भई आवतजावत असहज भएकाले दुर्घटना हुनसक्ने हुँदा विपद व्यवस्थापन समितिको |

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | | | | बैठकबाट तत्काल सडक मर्मत सम्भार गर्ने निर्णय भए अनुसार काम सम्पन्न भईसकेको। |
| ६ | सन्तोष वि.कको घर निर्माण | देवचुली -२, पुनर्वास | रु १ लाख | हावाहुरीले क्षतिग्रस्त |
| ७ | थम बहादुर माझीको घर निर्माण | देवचुली -२, पुनर्वास | रु १ लाख | हावाहुरीले क्षतिग्रस्त |
| ८ | पूर्वखेत डिप ट्युबवेल जल उपभोक्ता समितिको लाईन सुधार तथा मर्मत | देवचुली -२ | रु ५० हजार | |

५. बौलाहाखोला र लोकाहा खोलाबाट नदिजन्य पदार्थको उत्खनन् तथा संकलन कार्यका लागि प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन (IEE) तयार गर्ने निर्णय गरियो।

६. देवचुली नगरपालिका वडा नं. ५ निवासी श्री लोक बहादुर सारु भन्ने श्री यम बहादुर सारु जापानिज इन्सेफ्लाइटिस रोग लागि गम्भिर विरामी भई उपचार भईरहेको र उपचारको लागि निजको परिवारको आर्थिक अवस्था कमजोर रहेको एवं विपन्न वर्गमा समेत पर्ने भनी सम्बन्धित वडा कार्यालयको सिफारिस पत्रका आधारमा <u>आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि, २०७८</u> बमोजिम निजलाई उपचार खर्च वापत रु १ लाख प्रदान गर्ने निर्णय गरियो।

७. आर्थिक वर्ष २०८३/८४ मा गण्डकी प्रदेश सरकार अन्तर्गत पूर्वाधार विकास कार्यालय तथा एकीकृत सेवा कार्यालयबाट कार्यान्वयन गर्ने गरी विनियोजन भएका देहायका योजनाहरु यस देवचुली नगरपालिकाका निम्न वडाहरुमा पर्ने बेहोरा सम्बन्धित निकायलाई जानकारी गराउने।

<u>तपसिल</u>

| सि.नं. | योजनाको नाम | वडा |
|---|---|---|
| १ | चितौरे चोक देखि कालिका मन्दिर पश्चिम बाटो कालो पत्रे | देवचुली -७ |
| २ | सेन्टर प्लटको कभर्ड हल | देवचुली -७ |
| ३ | कालिका मन्दिर पर्खाल निर्माण | देवचुली -७ |

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद क्यौपाने
नगर प्रमुख